श्री ५ को सरकार

## अर्थ मन्त्रालयको सूचना

श्री ५ को सरकारले भन्सार ऐन, २०१९ को दफा ९ को उपदफा (१) र बिक्रीकर ऐन, २०२३ को दफा २१ ले दिएको अधिकार प्रयोग गरी श्री पोखरा नगर पञ्चायत कार्यालयले जर्मन नागरिकसंग खरिद गरेको कार्न नं. ७२८.४२६ एन. डी. को सेकेण्ड हायण्डको दमकल (वारुणयन्त्र) मा लाग्ने भन्सार तथा बिक्रीकर पूर्णरूपमा छुट दिने निर्णय गरेकोले यो सूचना प्रकाशित गरिएको छ।

आज्ञाले,
लोकबहादुर श्रेष्ठ
श्री ५ को सरकारको सचिव

श्री ५ को सरकार

## भूमिसुधार मन्त्रालयको सूचना

श्री ५ को सरकारले जग्गा (नाप जाँच) ऐन, २०१९ को दफा ३ को उपदफा (१) ले दिएको अधिकार प्रयोग गरी आ. व. २०४३।४४ को सिजनदेखि मनाङ जिल्लाको क्षेत्रफल एकीन गर्न, किसिम छुटचाउन र दर्ता गर्न गराउन नापी वा जाँच गर्ने भएको हुँदा यो आदेश जारी गरेको छ।

आज्ञाले,
जीवनलाल सत्याल
श्री ५ को सरकारको का. मु. सचिव

मुद्रण विभाग, सिंहदरबार

२०८



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।